संघीय संसद

राष्ट्रिय सभा

# राष्ट्रिय सरोकार तथा समन्वय समिति

मिति : २०७५/०६/१६

बैठक संख्या : ११

निर्णय

१. मेलम्ची खानेपानी आयोजनाको काम पछिल्लो समयमा द्रुतत्तर गतिमा भएतापनि निर्धारित समयमानै काठमाडौं उपत्यकावासीका घर-घरमा खानेपानी आईपुग्ने अवस्था देखिएन । मेलम्चीबाट दैनिक रुपमा आउने १७ करोड लिटर पानीमध्ये सुन्दरीजलमा ८.५ करोड लिटर पानीको लागि मात्र प्रशोधन केन्द्र बनेको पाईयो । प्रशोधन पश्चात् उपभोक्ताको घर-घरमा पानी पुर्‍याउने सम्बन्धमा मेलम्ची खानेपानी आयोजना र काठमाडौं उपत्यका खानेपानी लिमिटेड विच समन्वयको अभाव देखियो भने सुन्दरीजलमा रहेको प्रशोधन केन्द्रमा आवश्यक पर्ने प्राविधिक जनशक्तिको अभाव हुने अवस्था समेत देखियो । यसर्थः उपरोक्त समस्या समाधानका लागि समितिको अर्को बैठकमा खानेपानी मन्त्रालय, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, मेलम्ची खानेपानी आयोजना र शुल्क निर्धारण समितिसँग छलफल गरी आवश्यक निर्देशन दिने निर्णय भयो ।

२ आगामी २०७५ कार्तिक तेस्रो साता समितिको तर्फबाट दुईओटा राष्ट्रिय गौरवका आयोजनाहरु दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ, बारा र काठमाण्डौ तराई-मधेस द्रुतमार्गको स्थलगत अनुगमन गर्ने निर्णय भयो । उक्त स्थलगत अनुगमन टोलीमा समितिका सभापति सहित १४ जना माननीय सदस्यहरु र समिति सचिवालयका बढिमा ३ जना कर्मचारीहरु रहने गरी तीन दिनको कार्यक्रमको सचिवालयको तर्फबाट आवश्यक तयारी गर्न समिति सचिवालयलाई निर्देशन दिईयो ।

राष्ट्रिय सरोकार तथा समन्वय समिति